
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ३४० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ पुस १६ गते मंगलबार ❑ 31 Dec. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## परम्परागत पर्वको मौलिकता जोगाइराख्नु मुख्य चुनौती: प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, १५ पुस




गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले नेपाली समाजको विविधता र सांस्कृतिक परम्परा विश्व समुदायका लागि पनि महत्वपूर्ण पूँजी रहेको बताउनुभएको छ । उहाँले परम्परागत पर्वको मौलिकता जोगाइराख्नु मुख्य चुनौती रहेको पनि उल्लेख गर्नुभयो ।

तमुहरूको महान पर्व तमु ल्होछारको अवसर पारी तमु धिँ नेपाल, केन्द्रीय कार्यालय पोखराले आयोजना गरेको ल्होछार विशेष पुरस्कार तथा सम्मान वितरण कार्यक्रममा प्रमुख अतिथि भट्टले भाषा, संस्कृति, भेषभूषा र संस्कार आ-आफ्नो जातीय पहिचान र मौलिक सभ्यताका आधार स्तम्भ रहेको बताउनुभयो । 'नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषताहरुले भरिपूर्ण एक सुन्दर मुलुक हो । यस्ता विविधताको संरक्षण, प्रवर्द्धन र विकास गर्नु राज्यको दायित्व पनि हो' उहाँले भन्नुभयो -'नेपालका तमु जातिमा नयाँ वर्षको आगमनको खुशियालीस्वरुप विशेष उत्साह र उमङ्गतासाथ मनाइने तमु ल्होछारले छुट्टै मौलिकता, परम्परा र सांस्कृतिक महत्व राख्दछ ।'

तमुहरूका प्रथम महापुरुषको उत्पत्ति भएको दिन मनाइँदै आएको ल्होछार सांस्कृतिक पर्व रहेको र तमु जातिको सामाजिक, सांस्कृतिक, आर्थिक र धार्मिक पक्षको प्रतिनिधित्व गर्ने मुख्य पर्व रहेको उहाँको भनाई छ ।

'तमु जातीले सदियौंदेखि आफ्ना रीति, परम्परा र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्दै आइरहेका छन् । नेपालको ग्रामीण पर्यटन प्रवर्द्धनमार्फत आर्थिक र सामाजिक रूपमा समृद्ध मुलुक निर्माण गर्न तमु समुदायले निर्वाह गर्दै आएको भूमिका प्रशंसनीय रहेको छ ।' उहाँले भन्नुभयो - 'ग्रामीण घरबास अर्थात् होमस्टे अभियानको मुख्य अगुवा तमुहरु नै हुन् । शहर तथा विदेशमा बसाईंसराईं पछि गाउँमा जति बाँकी छन्, उनीहरूले संस्कृति र परम्परा धान्दै अघि बढिरहेका छन् । शहरी क्षेत्रमा पनि समुदायका अगुवाहरुले आफ्नो रितीथितीलाई बिर्सिएका छैनन् ।' ल्होछार, ट्होंटे जस्ता पर्वको मौलिकता जोगाइराख्नु मुख्य चुनौती रहेको उहाँले बताउनुभयो । 'यी महत्वपूर्ण पर्वहरूलाई जोगाउने अबको मुख्य जिम्मेवारी युवाहरूको काँधमा छ । ट्होंटेका च्यालीहरूमा भाङ्ग्रा र कछाड, घलेक गुन्यूचोली लगाउने किशोरकिशोरी युवा युवतीहरु पातालिँदै गएका छन् ।' प्रदेश प्रमुख भट्टले भन्नुभयो - 'अबको पुस्तालाई आफ्नो संस्कृति र धर्म पुस्तान्तरण गर्नु हाम्रो मुख्य जिम्मेवारी हो । किनभने भाषा, संस्कृति, भेषभूषा र संस्कार आ-आफ्ना जातीय चिन्हारी र मौलिक सभ्यताका आधार स्तम्भ हुन् । यस्ता विविधताको संरक्षण र विकास गर्नु हामी सबैकोको दायित्व हो ।'

## गाँजाको औद्योगिक सम्भावनाबारे लेकसिटी कलेजमा कचहरी

**पोखरापत्र संवाददाता**
पोखरा, १५ पुस




गाँजाको औद्योगिक सम्भावनाबारे पोखरामा शनिबार कचहरी कार्यक्रम भएको छ । लेकसिटी कलेज एन्ड रिसर्च सेन्टरअन्तर्गत समाज विज्ञान केन्द्रले आयोजना गरेको कार्यक्रममा 'गाँजाको औद्योगिक प्रयोगः हरियो सुन कि बेमौसमी धुन' शीर्षकमा बहस भएको हो ।

कार्यक्रममा इटालीको विश्वविद्यालयका अर्थशास्त्री प्राडा दीपकराज पन्तले गाँजाको औद्योगिक उपयोगबारे अनुसन्धान सार प्रस्तुत गर्दै नेपालमा यसको प्रशस्त सम्भावना रहेको बताए । उनले निर्माण सामग्री, औषधी, कपडा, प्याकेजिङका साथै खानाको परिकारका रुपमा गाँजाको प्रयोग सकिने अनुसन्धानहरुले देखाएको बताए । उनी भन्छन्, 'विश्वमा गाँजाको प्रयोगबारे विभिन्न मोडल छन्, हामीले पनि एउटा मोडल अपनाऔं, 'उत्पादन खुला गरौं, बिक्री सरकारलाई मात्र गर्ने व्यवस्था मिलाऔं ।' उत्पादित गाँजा सरकारले लिइदिएर त्यसको प्रयोगको प्रबन्ध पनि उसैले मिलाइदिनुपर्ने उनको धारणा छ । गण्डकी प्रदेशका मुख्य न्यायाधिवक्ता चिरञ्जीवी शर्मा पौडेलले ऐनले व्यावसायिक खेती रोक नलगाएको स्पष्ट पार्दै प्रदेश सरकारले यसका बारेमा विधेयक मस्यौदा गरेको जानकारी दिए । गण्डकीका पूर्वमुख्य न्यायाधिवक्ता रोहितराज बास्तोलाले संयुक्त राष्ट्रसंघको अभिसन्धि नेपालले अनुमोदन गरेकाले गाँजाको व्यावसायिकतबारे कानुन बनाउने अवस्था नरहेको बताए । जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डिएसपी) वसन्तकुमार शर्मा नेपालको कानुनले गाँजालाई लागुऔषध मानेकाले आफूहरुले त्यही अनुसार कारबाही गर्दै आएको बताए । डा. भोजराज न्यौपाने र डा. सुधीररमण पराजुलीले गाँजाका औषधीय गुणबारे प्रकाश पार्दै नियमन आवश्यक रहेको तर्क गरे । वन विज्ञान अध्ययन संस्थानकी नीरु थापाले नेपालमा गाँजाले अन्तर राष्ट्रिय पहिचान बनाएको इतिहास उल्लेख गरिन् । अभियन्ता रोशनराज बरालले वैधानिकताका लागि महाअभियान चलाइएको बताए । लागुऔषध नियन्त्रण तथा समाज सुधार आमा समूह नेपालकी अध्यक्ष कल्पना आचार्य बास्तोलाले गाँजाको सम्भावनाका सकारात्मक पक्षका साथै बिग्रँदै गएका युवापुस्ताका असरबारे सोच्न आग्रह गरिन् ।

कार्यक्रममा गण्डकी विश्वविद्यालयका डिन डा. कपिल अधिकारी, उपप्राध्यापक सुरेश ढकाल, गविवि फार्मेसी विभागका संयोजक प्रकाश पौडेल, इन्जिनियर माधव पहारी, प्राध्यापक रविराज बराल, विद्यार्थी प्रतीक पौडेल, लगायतले गाँजाको उपयोगिता र कानुनी प्रावधानमाथि धारणा राखे । केन्द्रका संस्थापक संयोजक डा. रामचन्द्र बरालले कचहरी र यसको महत्वका बारेमा जानकारी गराए । समाज विज्ञान केन्द्रका संरक्षक प्राडा विश्वकल्याण पराजुलीले नियमित छलफलले समसामयिक विषयमा गहिरो निष्कर्ष दिन सक्ने बताए । क्याम्पस प्रमुख नारायणकुमार श्रेष्ठले अनुसन्धान र प्रकाशनलाई प्राथमिकता दिने जानकारी दिए । कार्यक्रम संयोजक उपेन्द्र पौडेलका अनुसार छलफलका निष्कर्ष प्रकाशित गरिनेछ ।

## उखु खेतीको इतिहास र पहिचानलाई जीवन्तता दिन खुदो मेला

**पोखरापत्र संवाददाता**
पोखरा, १५ पुस




पुस १५ होस् वा माघे सङ्क्रान्ति अथवा अन्य चाडपर्व पोखरा र आसपासका क्षेत्रमा मालेपाटन ढोडबैंसीको खुदो माग बढ्छ । पुस १५ मा तटिनभरी बोकेर 'लौ है मालेपाटन ढोडबैंसीको खुदो आयो' भन्दै हिँड्ने प्रचलन यस क्षेत्रको छुट्टै संस्कृति जस्तै बनिसकेको थियो ।

यातायातको सुविधासँगै बढ्दो बजारीकरणले घरघरमा पुगी खुदो बेच्ने चलन लोप जस्तै बनेपनि यहाँको खुदोको माग भने झन्-झन् बढ्दो छ । उखु उत्पादनको आकर्षणलाई दृष्टिगत गर्दै पोखरा महानगरपालिकाले विगत तीन वर्ष यता वडा नं ३२ को मालेपाटन ढोडबैंसी क्षेत्रलाई उखु पकेट क्षेत्र घोषणा गरी उत्पादनलाई प्रोत्साहन गरिरहेको छ । महानगरपालिकाले उखु पकेट क्षेत्रका रूपमा यस क्षेत्रमा विभिन्न किसिमका प्रोत्साहन सहयोग गरिरहेको आर्थिक विकास महाशाखा प्रमुख मनोहर कडरियाले बताउनुभयो । "हामीले यस क्षेत्रमा उखु खेतीको आकर्षण एवं सम्भावनालाई दृष्टिगत गरी तीन वर्षयता उखु पकेट क्षेत्र घोषणा गरेका छौं", उहाँले भन्नुभयो, "पकेट क्षेत्रअन्तर्गत यस क्षेत्रमा कृषकलाई प्रतिरोपनी रु एक हजार पाँच सय दरले प्रोत्साहन रकम प्रदान गरिएको छ भने उखु पेल्ने मेसिन खरिदमा ५० प्रतिशत अनुदान उपलब्ध गराइएको छ । यहाँको खुदोको पहिचानलाई हराउन नदिन प्याकेजिङ, ब्राण्डिङ, प्रयोगशाला परीक्षण आदिमा सहयोग गरिएको छ ।" मालेपाटन ढोडबैंसीको खुदो उत्पादनको इतिहासलाई जगेर्ना गर्दै कृषकलाई थप उत्प्रेरित गर्न महानगरका कृषि विकास शाखा एवं व्यवसाय प्रवर्द्धन केन्द्रले खुदो मेला आयोजना गरेका केन्द्रका प्रमुख नवराज अधिकारीले जानकारी दिनुभयो ।

मेलाका अवसरमा खुदो खाने प्रतियोगिता, सबैभन्दा राम्रो व्यापारिक कक्ष (स्टल) लाई पुरस्कार, उखु उत्पादक कृषकलाई सम्मानसँगै तातो खुदो खान पाउने व्यवस्था गरिएको थियो । मेलाका अवसरमा राम्रो व्यवस्थापनसहित धैरै क्षेत्रफलमा उखु उत्पादन गर्ने उत्कृष्ट कृषकहरू तुलसी तिमल्सिना, पूर्णबहादुर धमला, रामचन्द ओझा र लोकनाथ अधिकारीलाई महानगरपालिकाका तर्फबाट पहिलो, दोस्रो, तेस्रो र चौथो पुरस्कार स्वरुप क्रमशः रु १० हजार, रु सात हजार, रु पाँच हजार र रु तीन हजार र प्रमाणपत्रले सम्मान गरिएको थियो । त्यस्तै खुदो खाने प्रतियोगितामा पहिलो, दोस्रो, तेस्रो र चौथो हुने क्रमश : रञ्जन सुवेदी, गुरुदत्त पराजुली, बाबुराम पौडेल र शेखरनाथ लामिछानेलाई पुरस्कृत गरिएको थियो । उहाँहरूलाई क्रमशः चार लिटर, तीन लिटर, दुई लिटर र एक लिटर खुदो प्रदान गरी पुरस्कृत गरिएको थियो । मेलाका अवसरमा सहभागीलाई तातो खुदोको स्वाद चखाइएको थियो भने विभिन्न व्यापारिक कक्षमार्फत खुदो किनेर लैजाने व्यवस्था गरिएको थियो । मेलामा उखु उत्पादक कृषक मीना धमलाले उखुबाटै बनाइएको बाला, मालाका साथै छड्के तिलहरी आदि गरगहना लगाएर आकर्षणको केन्द्र बन्नुभएको थियो । उखु खेतीबाटै आँफू आत्मनिर्भर बनेको र यसैका माध्यमबाट गरगहना समेत किन्ने भएकोले प्रतिकात्मक रूपमा उखुबाट गरगहना बनाएर लगाएको उहाँले बताउनुभयो ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले महानगरपालिकाले कृषकलाई प्रोत्साहित गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको बताउनुभयो । महानगरपालिकाले उत्पादनमा जोड दिएको बताउँदै उहाँले उत्पादनमा आधारित अनुदानमा जोड दिँदै त्यसमार्फत उत्पादनकै माध्यमबाट रोजगारी सिर्जना गरी आत्मनिर्भर बनाउने योजनामा महानगर रहेको बताउनुभयो । कार्यक्रममा कृषि विकास निर्देशनालयका निर्देशक वासु रेग्मी, पोखरा महानगरपालिका वडा नं ३२ का वडाध्यक्ष अक्कलबहादुर कार्की लगायतले मालेपाटन ढोडबेसी क्षेत्रको उखु खेतीको इतिहास र सम्भावनालगायत विषयमा आ आफ्ना धारणा राख्नुभएको थियो । बुढापाकाहरूका अनुसार दुई सय वर्षअघिदेखि नै यहाँ उखु लगाउने र खुदो उत्पादन गर्ने चलन थियो । उखु लगाउने र खुदो उत्पादन गर्ने ऐतिहासिक परम्परालाई जोगाउँदै अझै व्यावसायिक बनाउनेतर्फ जोड दिइएको स्थानीयवासी बताउँछन् । नेपाली संस्कृतिअनुसार पुस १५ मा लट्टे (अनदीको चामललाई घ्यू खुदोसहित राखेर बनाइने परिकार) खाने र माघे सङ्क्रान्तिमा खुदो चिउरा खाने चलनले यस अवधिमा निकै माग हुने गर्दछ । उखु कोलमा पेल्ने, रस निकाल्ने र पकाएर खुदो बनाउने गरिन्छ । समयको गतिसँगै विगतमा काठे कोलमा पेल्ने गरिएको उखु दशक अघिसम्म गोरुका माध्यमबाट कोल घुमाएर पेल्ने गरिन्थ्यो । पछिल्ला वर्षमा भने विद्युतीय कोलको प्रयोग गरी उखु पेल्ने गरिएको स्थानीयवासी महेश्वर पौडेलले बताउनुभयो ।

व्यावसायिकताको प्रयाससँगै सङ्गठित बनेका स्थानीयले २०६७ सालयता मालेपाटन कृषि सहकारी सञ्चालनमा ल्याएका छन् । सहकारी स्थापनासँगै खुदो र दूधको उत्पादन एवं बजारीकरणसँगै बाख्रा, कुखुरापालन पनि गर्दै आएको छन् । मालेपाटन र ढोडबैंसी क्षेत्रमा रु एक करोड बराबरको कारोबार हुने गरेको छ । विगतमा यस क्षेत्रमा रैथाने, काठे र देशी उखु लगाउने गरिएकामा त्यो विस्थापन भई विसं २०५० मा स्याङ्जाबाट ल्याइएको रिजाल उखु लगाउने गरिएको स्थानीयवासी बताउँछन् ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# दोश्रो अन्तर्राष्ट्रिय ड्रागन बोट रेसका सबै उपाधि चिनिया टोलीलाई

**पोखरापत्र संवाददाता**
पोखरा, १५ पुस

पोखराको फेवातालमा सोमबार सम्पन्न भएको दोश्रो संस्करणको अन्तर्राष्ट्रिय ड्रागन बोट रेस (प्रतियोगिता) मा सबै उपाधि चिनिया टोलीले जितेको छ। आइतबार देखि पोखरामा संचालन भएको २ सय मिटर र ५ सय मिटर तर्फको रेस प्रतियोगितामा सबै उपाधि चिनिया टोलीले जितेको हो।




फेवातालमा सोमबार सम्पन्न २०० र ५०० मिटर फाइनल चरणको रेसमा चिनको डोङ्वान लाओयू क्लबले दोहोरो उपाधि आफ्नो पोल्टामा पार्न सफल भएको छ। लाओयू क्लवले दोहोरो उपाधिको साथमा १० हजार अमेरिकी डलर प्राप्त गरेको छ। डोङ्वान लाओयू क्लबले २०० मिटरको निर्धारित दुरी ००:४७:७२० मिली सेकेण्डमा पार गर्दै प्रथम भएको हो भने ५०० मिटर तर्फ समेत २ मिनेट ०४:४७ सेकेण्डमा दुरी पार गर्दै प्रथम भएको हो।

त्यस्तै २०० मिटर तर्फ निर्धारित दुरी ००:४८:२२० मिली सेकेण्डमा पार गर्दै चिनकै युनान मिन्जु युनिभर्सिटी टिमको समुह भने दोस्रो भयो भने निर्धारित दुरी ००:५० :८३० मिली सेकेण्डमा पार गरेको चिनकै लिआओचिङ यूनिभर्सिटीको समुह तेस्रो भएको छ। त्यस्तै सोही स्पर्धामा युनान प्रान्तको नर्मल विश्वविद्यालय भने ००:५१:१६० मिलि सेकेण्डमा निर्धारित दुरी पार गर्दै चौथो स्थानमा आउन सफल भयो। यस्तै ५०० मिटर ड्रागन बोट रेसमा लिआओ चेङ युनिभर्सिटीको समुह दोस्रो भएको छ।

चेङ युनिभर्सिटीले निर्धारित दुरी २ मिनेट ७.३४ सेकेण्डमा पार गर्दै दोश्रो भयो भने निर्धारित दुरी २ मिनेट ८.४४ सेकेण्डमा पार गरी हान युनिभर्सिटी टिम तेस्रो भएको छ। प्रतियोगितामा पाँच सय र दुई सय मिटर विजेता टोलीले ट्रफी, मेडल तथा प्रमाणपत्रसहित नगद ५ हजार अमेरिकी डलर, उपविजेताले २ हजार डलर र तृतीय भएको टोलीले एक हजार दुई सय अमेरिकी डलर पुरस्कार प्राप्त गरेका छन् भने अन्य सहभागि टिमहरुलाई जनही नगद ५ सय डलर प्रदान गरिएको छ।

प्रतियोगितामा नेपालको ११, चीनको ८ र सिङ्गापुरको १ गरी २० टीमको सहभागीता रहेको थियो। प्रतियोगितामा गण्डकी, बागमती, कर्णाली, त्रिभुवन आर्मी क्लब, ड्रागन बोर्ट गण्डकी, बेगनास टोली, रुपाताल टोली र नेपाल च्याफ्टिङ एजेन्सिज एसोसिएसन (नारा) सहित ११ टोलीको सहभागिता थियो। विजयी खेलाडीहरुलाई गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, नेपाल स्थित चिनिया राजदुत छेन सोङ, पोखराका मेयर धनराज आचार्य, पोखरा पर्यटन परिषदका अध्यक्ष तारानाथ पहारी लगायतले पुरस्कार वितरण गर्नु भएको थियो। प्रतियोगितामा सहभागि हुन चिनको सिचुवानको विमानले चार्टर्ड गरी खेलाडी सहित १ सय २९ जना चिनियाँ टोली सोझै पोखरा आएको थियो। महोत्सवको रुपमा आयोजित नेपाल-चीन मैत्रीपूर्ण ड्रागन बोट रेस २०२४ सम्पन्न भए संगै कार्यक्रमले नेपाल र छिमेकी चीनबीच सांस्कृतिक तथा जनस्तरको सम्बन्धलाई बलियो बनाउन र नेपालको पर्यटन प्रवर्द्धन गर्ने मेयर आचार्यले जनाउनु भयो।




ल्होसारको २०८१ को पावन अवसरमा शुभकामना : ल्होसारको २०८१ को पावन अवसरमा पोखरा स्थित बरालडाँडा तमु समाज पोखराले सोमवार आफ्ना दाजु भाइ दिदीवहिनीहरुबिच शुभकामना आदनप्रदान गरेको छ। सोही कार्यक्रममा समाजका वयोवृद्ध ह.सु.मे टंक बहादुर गुरुङलाई सम्मान गरिएको बरालडाँडा तमु समाजका अध्यक्ष जुम प्रसाद तमुले पोखरापत्रलाई बताउनुभयो। फोटोः पोखरापत्र

# होली माउण्टद्धारा बृद्धबृद्धालाई खाजा खाद्यान्य तथा नगद सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १५ पुस

पोखरा- २९ भण्डारीढिकमा रहेको होली माउण्ट अंग्रेजी माविले वृद्धवृद्धा सम्मान, खाजा, खाद्यान्य तथा नगद सहयोग गरेको छ।



विद्यालय स्थापनाको २५ वर्ष पुगेको उपलक्ष्यमा विद्यालयले स्थानिय भण्डारीढिकको शिवेश्वर धर्म सनातन समितिमा दिवा सेवा रहेका ३७ जना वृद्धवृद्धालाई सम्मान, खाजा खाद्यान्य तथा नगद सहयोग गरेको विद्यालयका संस्थापक प्रिन्सिपल तोलाकान्त न्यौपानेले जानकारी दिए।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि शिवेश्वर मन्दिर सञ्चालक समितिका अध्यक्ष देवमणि भण्डारीले विद्यालयको सहयोगले मन्दिरमा रहेका वृद्धवृद्धालाई भोजन गराउन सहयोग पुगेको बताउँदै आगमि दिनमा पनि यस्तै सहयोगको अपेक्षा गरे। कार्यक्रममा विद्यालयका संयोजक जनक जमरकट्टेल, परीक्षा संयोजक प्रेम सुवेदीले पनि बोलेका थिए। विद्यालयले विविध कार्यक्रमको आयोजना गरी यस वर्ष रजत जयन्ती मनाउन लागेको हो। विद्यालयले माघ १९ गते भव्य कार्यक्रमको आयोजना गरी रजत जयन्ती कार्यक्रम समापन गर्दै छ।

रजत जयन्तीको अवसरमा वृक्षारोपण, चित्रकला, वृद्धाश्रम अनाथालयमा सहयोग, स्वास्थ्य शिविर, सम्मान, पुरस्कार वितरण तथा विविध सास्कृति कार्यक्रम गरिने न्यौपानेले जानकारी दिए। यसै सन्दर्भमा विद्यालयले माघ १८ गते वृहत स्वास्थ्य शिविरको अयोजना गर्न लागेको न्यौपानेले जानकारी दिए। रजत जयन्तीको अवसरमा विद्यालयले यसअघि जिल्ला स्तरीय अन्तर विद्यालय चित्रकला प्रतियोगिता सम्पन्न गरेको छ। स्थापनाको २५ वर्षको उपलक्ष्यमा आयोजित प्रतियोगितामा २४ विद्यालयका ४७ जना तथा विद्यालयको आन्तरिक तर्फ ४६ जनाको सहभागिता रहेको थियो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सन्तोष कुमार गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका संस्थापक प्रिन्सिपल तोलाकान्त न्यौपानेले स्वागत र भाईस प्रिन्सिपल अनिता तिमिल्सिनाले कार्यक्रम सञ्चालन गरेकी थिइन्।

२०५६ सालमा स्थापना भएको विद्यालयमा हाल ५ सय विद्यार्थी र ४२ जना शिक्षक कर्मचारी रहेको विद्यालयले जनाएको छ।

# पोखरामा बिवाईडी अन्तर्राष्ट्रिय बेलुन महोत्सव जारी

**पोखरापत्र संवाददाता**
पोखरा, १५ पुस

पर्यटनको राजधानि पोखरामा बिवाईडी अन्तर्राष्ट्रिय बेलुन महोत्सव २०८१ जारी रहेको छ।



पोखरा पर्यटन परिषद र बेलुन नेपाल प्रा.लि. को संयुक्त आयोजनामा पोखराको फेवाफाँट तथा लौरुक क्षेत्रमा जारी उक्त महोत्सवमा २ हजार शुल्कमै वेलुन उड्न पाइने भएको हो।

फेवाफाँटमा हुने वेलुन उडानको न्यूनतम ८ देखि १० मिनेट वेलुनमा उडान गरेको प्रति व्यक्ति २ हजार रुपैया शुल्क लिने गरेको बेलुन नेपाल प्रा.लि.का अध्यक्ष बिक्रम वाडेले बताउनु भयो। उक्त महोत्सवको वेलुन उडान मुख्य आकर्षणको रुपमा रहेको बताउदै उहाँले बिहान लौरुकबाट करिब ३० देखि ४० मिनेट उडान गरेको ११ हजार शुल्क लाग्ने भए पनि दिउँसो देखि साँझ सम्म फेवाफाँटमा उक्त सस्तो प्याकेजमा धेरै पर्यटकहरुलाई वेलुनमा उडेको मनोरन्जन दिन उक्त प्याकेज ल्याएको जनाउनु भयो। पोखराको आकाशमा १५ देशका एकै पटकमा १७ वटा हर्ट एयर बेलुन यही पुष ९ गते देखि उड्न सुरु भएको छ।

यही पुष १७ गतेसम्म संचालन हुने महोत्सवमा हालसम्म करिब ५ हजार जनाले वेलुनमा उडेको प्रा.लि.ले जनाएको छ। फेवाफाँटमा भने विभिन्न खानाका स्टल सहितको सहुलियत मुल्यमा वेलुन उडान तथा सांस्कृतिक कार्यक्रम प्रर्दशन भएको कार्यक्रम संयोजक सविन मर्हजनले बताउनु भयो। अन्तराष्ट्रिय बेलुन महोत्सवले पोखराको साहसिक खेलकुदको केन्द्र बनाउन एउटा इट्टा थप्ने उहाँले बताउनु भयो। पोखरामा साहसिक खेलकुदको माध्यमबाट पर्यटन प्रबर्द्धन गर्ने उद्धेश्यले आयोजना भएको महोत्सवमा नेपाल सहित अमेरिका, बेलायत, स्पेन, लिथुआनिया, थाइल्याण्ड, भियतनाम, फ्रान्स, नेदरल्याण्ड, कोरिया, जापान, मलेसिया, इटली, ब्राजिल, अष्ट्रेलियन देशका बेलुन सहित बेलुन पाइलटहरुको सहभागि हुने भएको आयोजकले जनाएको छ। नेपालमा पहिलो पटक आयोजना भएको उक्त महोत्सवको स्थानिय संयोजकको रुपमा फेवा क्लब रहेको छ भने महोत्सव पोखरा २३ र २४ मा पर्ने फेवाफाँटमा हुदै छ भने बिहानको बेलुन उडान लौरुकबाट हुदैछ। क्रिसमस र अंग्रेजी नयाँ वर्षको अवसर पारेर हुन लागेको महोत्सवमा नेपालका चर्चीत राष्टिय देखि स्थानिय कलाकारको प्रस्तुती हुने भएको पोखरा पर्यटन परिषदका अध्यक्ष तारानाथ पहारीले बताउनु भयो। महोत्सवमा हरेक दिन सांगीतिक कार्यक्रम, फुड स्टल, मेला र विभिन्न खेल समेत हुदै छ। महोत्सवको विशेष आकर्षणको रुपमा सूर्योदय र सूर्यास्त बेलुन उडानः पोखराको फेवाताल, अन्नपूर्ण हिमाल र वरिपरिका गाउँहरूको सुन्दर दृश्य, नाइट बेलुन ग्लोः बेलुनहरू रातको आकाशमा झिलिमिली गर्दै, आगो खेल, क्रिसमस इभ, काठमाण्डौंको कुमारी नृत्य र वर्ज योगीनी लगायतका कार्यकम प्रस्तुतः भई रहेको छ। बि. वाई.डी. को मुख्यः प्रायोजनमा हुने महोत्वसलाई सफल पार्न पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश, उघोग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेश सरकार प्रबर्द्धकमा रहेका छन।

# गुरुङ र मगर भाषालाई सरकारी मान्यता दिने तयारी : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, १५ पुस

गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले गुरुङ र मगर भाषालाई सरकारी कामकाजको भाषा बनाउने तयारी भइरहेको बताए। तमु ल्होसारका अवसरमा पोखरामा आयोजित कार्यक्रममा बोल्दै मन्त्री थापाले यस विषयमा कानुन निर्माण प्रक्रिया अघि बढाउने बताएका हुन्।



मन्त्रीका अनुसार गुरुङ र मगर समुदायको सांस्कृतिक, भाषिक पहिचानलाई जोगाउन तथा संरक्षण गर्न यो कदम महत्वपूर्ण हुनेछ। उनले स्थानीय समुदायसँग परामर्श गरी चाँडै विधेयक प्रदेश सभामा प्रस्तुत गरिने बताएका छन्। उनले आउँदो अधिवेशनमै कानुन पास हुने गरी अगाडी बढ्ने प्रतिवद्धता व्यक्त गरे। गण्डकी प्रदेशमा गुरुङ र मगर समुदायको जनसंख्या उल्लेखनीय छ।

यी भाषाहरूलाई सरकारी कामकाजमा समावेश गर्नाले प्रदेशको सामाजिक समावेशिता र भाषा संरक्षणको अभियानलाई थप बल पुग्ने विश्वास गरिएको उनले बताए। मन्त्रीले कानून निर्माण पछिको कार्यान्वयनका लागि आवश्यक जनशक्ति विकास, भाषा तालिम र प्रशासनिक संयन्त्रलाई बलियो बनाउनुपर्ने आवश्यकतालाई समेत औंल्याएका छन्। उनले आगामी दिनमा अन्य मातृभाषाहरूको प्रवर्द्धनका लागि पनि यसलाई उदाहरणीय परियोजना बनाउन खोजिएको उल्लेख गरे। "गण्डकी प्रदेशले पहिलो पटक यस्तो कानुनी पहल गर्न लागेको हो", उनले भने, "जसले बहुभाषिक संरचनालाई बलियो बनाउने अपेक्षा गरिएको छ।" पुरानो वर्षलाई बिदाइ गरी नयाँ वर्षलाई स्वागत गर्दै सोमबार पोखरा सहित देशभर तमु ल्होसार मनाइएको छ। समुदायले गुरूङ वर्षलाई बिदाइ गर्दै नाग वर्षको स्वागत गरेको हो।

पोखराको पामेमा तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद् कास्की, महिला राष्ट्रिय परिषद् कास्की, छोंज धीं कास्की, तमु धीं नेपाल र पोखरा ११ स्थित तमु प्ये लहु संघ परिवारले शुभकामना आदानप्रदान तथा सांस्कृतिक कार्यक्रम गरेको हो।

कार्यक्रममा गुरुङ समुदायहरु आफ्नो पहिचान झल्किने पहिरनमा सजिएका थिए। कार्यक्रममा विभिन्न सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो।

# सूचना पाउने जनताको अधिकार व्यवस्थित गर्न सरकार प्रयासरत छ : सञ्चारमन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
लमजुङ, १५ पुस

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले सूचना पाउने जनताको अधिकार व्यवस्थित गर्न सरकार प्रयासरत रहेको बताउनुभएको छ। सामाजिक सञ्जालको जथाभावी प्रयोगलाई नियन्त्रण गर्न सरकारले कानुन ल्याउन लागेको उहाँले जानकारी दिनुभयो।

लमजुङको सुन्दरबजारमा तमू ल्होसारको अवसरमा आयोजना गरिएको संयुक्त ल्होसार विशेष कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री गुरुङले सामाजिक सञ्जालका माध्यमबाट भइरहेका अपराध नियन्त्रण गर्नु सरकारको दायित्व भएको उल्लेख गर्दै उहाँले अहिले सामाजिक सञ्जालमा जथाभावी पोष्ट गर्नेलाई नियन्त्रण गर्न, साइबर अपराधको अन्त्य गर्न बनेको 'साइबर सेक्युरिटी ऐन' ल्याउने तयारी रहेको बताउनुभयो।

मन्त्री गुरुङले भन्नुभयो, "सही सूचना पाउने जनताको अधिकारलाई व्यवस्थित गर्न सरकार लागि परेको छ।" फरक प्रसङ्गमा उहाँले सहकारीले सर्वसाधारणलाई ठग्ने गरेकाले त्यसलाई रोक्न जरुरी रहेको बताउनुभयो। देशका अधिकांश सहकारीमा एउटै व्यक्ति आजीवन अध्यक्ष रहने र रकमको हिनामिना भइरहेको अवस्थामा बढीमा दुई कार्यकालभन्दा बढी अध्यक्ष हुन नपाउने गरी नियमन गर्न लागिएको मन्त्री गुरुङले उल्लेख गर्नुभयो। सहकारी कुन स्तरका हुन सोहीअनुसार स्थानीय तह वा प्रदेशमा दर्ता हुने व्यवस्था मिलाइने उहाँले बताउनुभयो। अहिले तत्काल सहकारीको गठीमा परेका जनताको रकम फिर्ता गर्न सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यायदेश संसद्बाट पास गरेर राष्ट्रपतिलाई बुझाइएको र प्रमाणिकरणसमेत भएको मन्त्री गुरुङले जानकारी दिनुभयो। सबैभन्दा पहिला सानो रकम फिर्ता गर्ने र क्रमशः अन्य रकम पनि फिर्ता गराउनेतर्फ सरकार लाग्ने उहाँको भनाइ थियो। मन्त्री गुरुङले भन्नुभयो, "संविधानमा नेपाली भाषाका अतिरिक्त अन्य भाषा पनि सरकारी कामकाजको भाषा हुने उल्लेख छ, त्यसैले संविधानले दिएको अधिकार उपयोग गर्न आवश्यक छ।" केही शक्ति सङ्घीय लोकतान्त्रिक गणतन्त्र उल्ट्याएर पूरानै व्यवस्था ल्याउन लागिपरेको भन्दै उहाँले मूलधारका पार्टी जसले सङ्घीय गणतन्त्र प्राप्तिका लागि बलिदानीपूर्ण आन्दोलन गरेर यो व्यवस्था ल्याए तिनैलाई यो व्यवस्थाको माया र रक्षा गर्ने दायित्व भएको बताउनुभयो। पालिकाभित्रका विभिन्न तमू समाजको संयुक्त आयोजनामा भएको उक्त कार्यक्रममा विभिन्न स्थानबाट सांस्कृतिका झाँकीसहित बजार परिक्रमा गरी कार्यक्रम गरिएको थियो। कार्यक्रममा गुरुङको मौलिक संस्कृति सोरठी, घाटु, कृष्ण चरित्र, कौरा, ठाडोभाकालगायतका नृत्य प्रस्तुत गरिएको सुन्दरबजार तमु समाजका अध्यक्ष मीनबहादुर गुरुङले जानकारी दिनुभयो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# पर्यटन प्रवर्द्धनमा 'ड्रागन बोट रेस'

नेपाल-चीन मैत्रीपूर्ण 'ड्रागन बोट रेस' पोखरामा सम्पन्न भएको छ । पर्यटकीय राजधानी पोखरामा वाटर स्पोर्टसको रुपमा गतवर्षदेखि थपिएको ड्रागन बोट रेसको दोस्रो संस्करण १३ देखि १५ (डिसेम्बर २८-३०) सम्म फेवातालमा सफलताका साथ सम्पन्न भएको छ। प्रतियोगितामा नेपालका ११, मित्रराष्ट्र चीनका ८ र सिंगापुरको एउटासहित गरी कुल २० समूहको सहभागिता रहेको छ । प्रतियोगिता २०० र५०० मिटर गरी दुई विधामा भए। नेपालबाट नेपाल टीम, पोखरा महानगरपालिका टिम, राना टिम, ड्रागन बोट एसोसिएसन बागमती, कर्णाली, गण्डकी, त्रिभुवन आर्मी क्लब, हिमालयन रिभर गाइड एशोसिएनसन, नेपाल ऱ्याफ्टीङ एसोसिएसन, बेगनास र रुपाताल टिमको सहभागिता रहेको थियो ।

चीनबाट वुहान स्पोर्ट्स युनिभर्सिटी, हुवेइ युनिभर्सिटी, डोङ्वान ड्रागन बोट क्लब, साउथवेष्ट्रन मेडिकल युनिभर्सिटी, लिओचिङ युनिभर्सिटी, टिम अफ लिन्फी टिी, युनान नर्मल युनिभर्सिटी र युनान मिन्जु युनिभर्सिटीको सहभागिता रहने छ । यस्तै सिंगापुरबाट केजिएच सिंगापुर एसजी ड्रागन्सको सहभागिता रहेको थियो। चीनबाट भाग लिने खेलाडी २६ डिसेम्बरमा चार्टर्ड उडानबाट पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेका थिए । चिनियाँ मात्र २०० भन्दा बढी सहभागी हु प्रधानमन्त्री केपी शर्मा ओलीको हालै सम्पन्न चीन भ्रमणमा नेपाल-चीन दुवैले पोखरामा हुने ड्रागन वोट रेस र क्रस क्रन्टी रेसलाई मित्रताको रुपमा जोड दिएका छन।सन २०२५ लाई नेपाल भ्रमण बर्षको रुपमा मनाउने र त्यसलाई चीनले सघाउने भएको छाचीनिया पर्यटकलाई नेपाल भ्रमण गर्न प्रेरित गर्ने काम यस्ता मैत्रीपूर्ण प्रतियोगिताले गर्छ । पोखरामा पर्यटक भित्र्याउने र प्रबर्द्धनमा यस्ता गतिविधि सहयोगी हुन्छन ।

गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, नेपालस्थित चिनियाँ दूतावास र नेपाल पर्यटन बोर्डको आयोजना तथा नेपाल ड्रागन बोट एसोसिएसन, पोखरा पर्यटन परिषद् र पोखरा ओभरसिज चाइनिज एसोसिएसनको सहआयोजनामा हुन लागेको यो प्रतियोगिता पोखराका लागि महत्त्वपूर्ण छ। पोखरालाई पर्यटनको राजधानी घोषणा गरेको यस्तै गतिविधि छिमेकी मुलुक र मित्रराष्ट्रले गर्नका लागि हो। पोखराका सबैको सहयोग र समर्थन आवश्यक हुन्छ । प्रतियोगिताको विजेताले नगद ५ हजार अमेरिकी डलर (नेपाली करिब ६ लाख ७९ हजार रुपैयाँ), उपविजेताले नगद २ हजार डलर (नेपाली करिब लाख तृतीय १ हजार दुई सय डलर पाएका छन् । पोखराको अन्तर्राष्ट्रिय बजारमा प्रचारप्रसार र पोखराको पर्यटन प्रवर्द्धनका लागि ठूलो टेवा हो। पोखरा महानगरपालिका र पर्यटन सम्बद्ध संस्थाले यसलाई महत्वपूर्ण अभिनय बनाउनु पर्छ । सबैलाई समेट्ने र सबैको सहयोग लिनुपर्छ पोखराको हितमा हुनेछ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बड्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शुभ यात्रा | मकर | : आर्थिक समस्या |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : कार्यमा सफलता | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# म्याग्दी महोत्सवमा स्थानीय उत्पादनलाई प्राथमिकता

**पोखरापत्र संवाददाता**
म्याग्दी १५ पुस

म्याग्दी सरदमुकाम बेनीमा आयोजना हुन लागेको आठौँ म्याग्दी महोत्सव तथा माघे सङ्क्रान्ति मेलामा स्थानीय उत्पादनको प्रदर्शनी तथा बिक्री वितरणलाई प्राथमिकता दिइने भएको छ।

महोत्सव मूल आयोजक म्याग्दी उद्योग वाणिज्य सङ्घले जिल्लामा उत्पादन भएका बस्तु तथा सामग्रीलाई बिक्री वितरण तथा प्रचारप्रसारका लागि प्रदर्शनीमा राख्न निःशुल्क स्टलको व्यवस्था गरेको हो।

पुस २८ देखि माघ ८ गतेसम्म सञ्चालन हुने महोत्सवमा वन, कृषि र लघुउद्यमसम्बन्धी स्थानीय उत्पादनका सामग्रीको व्यापार र प्रदर्शनीका लागि २३ वटा स्टल र हरेक जिल्लाका छ वटै स्थानीय तहलाई एक/एक वटास्थल उपलब्ध गराइएको म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुविन श्रेष्ठले बताउनुभयो । "महोत्सवबाट स्थानीय उत्पादनको व्यापार प्रवर्द्धन र प्रचारप्रसारमा सघाउन निःशुल्क स्टलको व्यवस्था गरेका छौँ, स्थानीय तहहरुले समेत आ-आफ्नो पालिकाभित्रको सम्भावनाको उजागर हुने बस्तु तथा सामग्रीलाई प्रदर्शनीमा राख्ने तयारी गरेका छन्, बढी भन्दा बढी जिल्लाभित्रको उत्पादनको बिक्री तथा प्रचारप्रसार होस् भन्ने हामीले चाहेका छौँ"-अध्यक्ष श्रेष्ठले भन्नुभयो । महोत्सवमा कृषि र पशुजन्य उत्पादनका साथै लघुउद्यमसम्बन्धी स्थानीय उत्पादनका सामग्री बिक्री र प्रदर्शनीमा राखिने छ । महोत्सव सञ्चालन हुने बेनीको खुलामञ्चमा राखिने एक सय ३३ वटा व्यावसायिक स्टल, २२ वटा होटलका स्टलसमेत बुकिङ भइसकेको सङ्घले जनाएको छ । महोत्सवमा विद्यालयको नवप्रवर्द्धन र विज्ञान प्रदर्शनीका लागिसमेत सातवटा स्टल निःशुल्क उपलब्ध गराउने तयारी गरिएको छ । विभिन्न व्यापारिक स्टलका लागि नाम टिपाएका ६० जना बढीलाई ठाउँ अभाव भएको र खुलामञ्च नजिकै रमाइलो मेला सञ्चालन हुने क्षेत्रमा समेत थप स्टल बनाउने तयारी गरिएको सङ्घका वरिष्ठ उपाध्यक्ष राजेश शाक्यले बताउनुभयो । महोसत्सवमा म्याग्दीमा जन्मिएर राष्ट्रिय तथा अन्तर्रीष्ट्रियस्तरमा ख्याति प्राप्त व्यक्तिलाई सम्मान गरिने छ । महोत्सवमा खुल्ला लोकदोहोरी गीत, गण्डकी प्रदेशस्तरिय अन्तर पालिका पुरुष भलिबल तथा खुल्ला महिला भलिबल, गण्डकी प्रदेशभित्रका वडास्तरीयबाँस्केटबलप्रतियोगिता, ब्याडमिन्टन लगायतका खेलकुद तथा खुल्ला रत्यौली, भजन, पुख्यौँली नाच म्याग्दी आइडल एकल लोकनृत्य लगायतका सांस्कृतिक प्रतियोगितालाई समावेश गरिएको छ।

रु १० करोड भन्दा बढीको आर्थिक कारोबार हुने लक्ष्य राखिएको महोत्सवमा रु एक करोड ३४ लाख २९ हजार आम्दानी र एक करोड २९ लाख १८ हजार नौ सय १४ खर्च भएर रु पाँच लाख १० हजार ८६ बचत गर्ने लक्ष्य लिएको सङ्घका कोषाध्यक्ष सुमन श्रेष्ठले जानकारी दिनुभयो। महोत्सव सफल बनाउन विभिन्न ३७ वटा उपसमिति गठन गरेर तयारीलाई तीव्रता दिइएको आयोजकले जनाएको छ।

# गोरु जुधाइ प्रतियोगिता

**रासस**
लमजुङ, १५ पुस

लमजुङको सुन्दरबजार नगरपालिका-२ परेवाडाँडामा गोरु जुधाइ प्रतियोगिता सम्पन्न भएको छ।

पुस १५ को अवसरमा देवभूमि युवा क्लब सुन्दरबजार नगरपालिका-२ को आयोजनामा गोरु जुधाइ प्रतियोगिता आयोजना गरिएको हो । परेवाडाँडाको खड्कागाउँमा रहेको आहाले खेल मैदानमा गरिएको सो प्रतियोगितामा सुन्दरबजार नगरपालिका-७ तार्कुटारका कुमराज परियारको गोरु प्रथम भएको छ । यस्तै सुन्दरबजार-२ परेवाडाँडाका प्रकाश पन्तको गोरु दोस्रो तथा भानु नगरपालिका-१० दुधेकुनाका विष्णु रावलको गोरु तृतिय भएको छ।

प्रतियोगितामा प्रथम हुने गोरुधनीलाई रु १५ हजार, दोस्रो हुने गोरुधनीलाई रु १० हजार र तृतीय हुने गोरुधनीलाई रु पाँच हजार पुरस्कार वितरण गरिएको आयोजक देवभूमि युवा क्लबका अध्यक्ष महेश परियारले जानकारी दिनुभयो। लमजुङको परेवाडाँडामा विगत केही वर्षदेखि निरन्तररुपमा पुस १५ को अवसरमा गोरु जुधाइ प्रतियोगिताआयोजनागरिँदैआएको छ । सुन्दरबजार नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद कोइरालाको प्रमुख आतिथ्यमा भएको उक्त प्रतियोगितामा लमजुङ र तनहुँका गरी २० गोरुलाई सहभागी गराइएको थियो।

# सुरु भयो 'सर्प वर्ष'

**टीका खतिवडा**
काठमाडौं १५ पुस /रासस

हरेक वर्षको पुस १५ गतेलाई गुरुङ समुदायले तमु ल्होसारसँगै नयाँ वर्षका रूपमा मनाउने गर्दछन् । गुरुङ समुदायले तमु ल्होसार, नयाँ वर्षसँगै उत्पादन गरेको नयाँ अन्नलाई सामूहिक रूपमा न्वागी चखाउने पर्वका रूपमा समेत मनाउने गरेको गुरुङ समुदायका अगुवाहरूको भनाइ छ।

विभिन्न गते, तिथि बारले यस नयाँ वर्षलाई असर पुऱ्याउँदैन । हरेक पुस १५ मा नै नयाँ वर्ष मनाउने प्रचलन रहेको गुरुङ समुदायका अगुवा हरि गुरुङले बताउनुभयो । उहाँका अनुसार वर्षको नाम समेत वर्ग छुट्याएर जनावरको नामबाट राख्ने गरिएको छ। आज पुस १५ गतेदेखि गुरुङ समुदायले सर्प (सर्पिलो) वर्षलाई स्वागत गरिएको उहाँले बताउनुभयो । गरुड वर्षलाई बिदाइ गर्दै तमु गुरुङ समुदायका किशोरकिशोरीदेखि बालबच्चा र वृद्धवृद्धाहरूले यो चाड हर्षोल्लासका साथ मनाइरहेका छन्। तमु ल्होसार गुरुङ समुदायको बसोबास रहेको स्थानमा विभिन्न कार्यक्रमको आयोजना गरी मनाइने गरिन्छ । नेपालमा ग्याल्बो ल्होसार र सोनाम ल्होसारसमेत मनाइने गरिन्छ । प्रत्येक वर्ष माघ शुक्ल प्रतिपदाका दिन मनाउने सोनाम ल्होसार तामाङ समुदाय र शेर्पा जातिले ग्याल्बो ल्होसार मनाउने प्रचलन रहेको छ। यी जातिहरूमा मुसा, गाई, बाघ, बिरालो, ड्रागन (मेघ), सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर र सुँगुर गरी १२ वर्गमा ल्होसारलाई विभाजन गरिएको पाइन्छ । ल्होसारका १२ वटै वर्ष पशुपक्षीका नामबाट गणना गरिएकाले प्रकृति पूजक रहेको अनुसन्धाताहरूको भनाइ छ । तमु जातिहरूको परम्परा धर्म, संस्कार र संस्कृतिको क्षेत्रमा, आर्थिक उन्नति एवम् प्रगतिका रूपमा यस पर्वलाई लिइने गरिएको छ । बाह्रवटा जीवहरूका नामबाट परिचित महान् पर्व तमु ल्होसार च्यु ल्हो, ल्वौं ल्हो, तो ल्हो, ह्यि ल्हो, मुप्रि ल्हो, सप्री ल्हो, त ल्हो, ल्हु ल्हो, प्र ल्हो, च्या ल्हो, खि ल्हो, फो ल्हो विभिन्न रूपमा यसलाई मनाइने गरिन्छ । ल्होसार आदिमकालदेखि तमु जातिको जैविक, सामाजिक, सांस्कृतिक तथा परम्पराबाट निरन्तरता दिँदै आएको मुख्य पर्वका रूपमा लिइने गरिएको छ। पहिले तमु जातिको ल्होसार पर्व नस्लको हिसाबले आदिम साम्यवादी मातृ सन्तात्मक युगदेखि सूर्यलाई आधार मानी पृथ्वीले सूर्यलाई परिक्रमा गर्ने क्रममा र पृथ्वीको उत्तरी ध्रुवतिर सूर्य नजिक पर्न जाने भएकाले कहिले दक्षिण ध्रुवतिर सूर्य नजिक पर्न जाने हुनाले छ/छ महिना पुस १५ र असार १५ मा समय परिवर्तन हुन्छ भनेर आदिमकालमा तमु जातिको गुरुले निर्धारण गरेको बताइन्छ । पुस १४ गतेलाई गएको ल्होलाई बिदाइ र पुस १५ लाई नयाँ ल्होको आगमनको स्वागत गर्दै निधारमा सेतो टीका लगाई शुभकामना आदानप्रदान गर्ने प्रचलनसमेत छ। प्राकृतिक एवम् तम संस्कारअनुसार पुस १५ लाई नै आधार मानी तमु जातिहरूले आफ्नो ल्होसार पर्व निर्धारण गरी राखेको सो समुदायका अगुवाहरूको भनाइ छ। तमु भाषामा वर्ग भनेको वर्ष हो । तमु जातिको साधारण भाषामा ल्हो भनेको वर्ग हो र सार भनेको नयाँ भन्ने परम्पराअनुसार नै प्रत्येक पुस १५ लाई नयाँ ल्होसार भनेर मनाउँदै आएको बताइएको छ। तमु जातिको एक वर्षमा एउटा ल्हो को पूरा हुने भन्ने परम्परा रहेको पाइन्छ। प्रत्येक १२/१२ वर्षमा आउने आ-आफ्नो ल्हो र त्यो ल्हो फेर्ने एक वर्ग लाग्छ। त्यसलाई नै तमु भाषामा ल्होकोर भन्ने गरिन्छ। गुरुङ समुदायले मनाउने तमु ल्होसारका अवसरमा इलाममा बालबालिकाको नृत्य प्रतियोगिता, खेलकुद प्रतियोगितालगायत कार्यक्रमहरू हुने भएको छ । इलाम नगरपालिका-६ मा निर्माणाधीन न्हूपी छोलिङ गुम्बामा कार्यक्रम हुने आयोजक समितिका हरि गुरुङले जानकारी दिनुभयो। इलाम गुरुङ समाजले ल्होसारका अवसरमा पुस १४ र १५ गते खानाका परिकार प्रदर्शन गर्ने भएको छ । भेडाको मासु, ढिँडो, नारेपा (लोकल रक्सी) लगायतका परिकार आफ्ना समुदाय र पाहुनाहरूलाई चखाउने प्रचलन रहेको बताइएको छ। नयाँ उत्पादन गरेको अन्नबाट निर्माण गरिएका परिकारसँगै सो समुदायबाट उत्पादन गरिएका वस्तुहरू समेत चखाउने गरिएको छ। यसैगरी, पुस १४ गते इलाम चियाबारीमा ल्होसार खुल्ला कविताबाचन प्रतियोगिता भएको छ। साथै इलाम-१५ मा नै घलेटार मदानमा छेलो हान्ने प्रतियोगिता समेत राखिएको छ । पुस १५ गते गुम्बामा लामा गुरुहरूद्वारा पूजापाठ र बालबालिकाका लागि नृत्य प्रतियोगिता सञ्चालन गरिने भएको मूल आयोजक समितिकी अध्यक्ष पविमाया गुरुङले जानकारी दिनुभयो । गुरुङ समुदायले अन्न फलाएपछि सामूहिक रूपमा खाना खुवाउने कार्यक्रम परापूर्वकालदेखि नै गर्दै आएको भन्दै गुरुङ परिकार राखिने समितिका सचिव उमेश गुरुङले बताउनुभयो। सो समुदायले पुस १५ गते ल्होसार पर्व मनाउँदै आएको बताइएको छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक श्रद्धाञ्जली



जन्मः
वि. स. १९९४/०५/२७ गते

स्वर्गारोहणः
वि.स. २०८१/०९/१२ गते

**स्व. नारानदेबी तमी श्रेष्ठ**

हाम्रा आदरणीय मित्र रामबजार पोखरा-१० निवासी राम बजार तायाः मचाः नाच समिति रामबजार १०/१५ का अध्यक्ष, रामबजार नेवाः मिशा पुचः, रामबजार ल्याम्हः पुचःका शुभचिन्तक नारायण श्रेष्ठ र शुभचिन्तक सहयोगी गणेश श्रेष्ठ, गंगा श्रेष्ठका ममतामयी माता एवम् प्रतिमा श्रेष्ठका सासुआमा रामबजार तायाः, मचाः नाच समितिका शुभचिन्तक सहयोगी **नारानदेबी तमी श्रेष्ठ**को ८७ वर्षको उमेरमा भएको असामयीक स्वर्गारोहणले हामी रामबजारबासी अति मर्माहत भएकाछौं। यस दुःखद घडिको आज पाचौं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछौं साथै शोकसन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

**जयन्द्र कुमार राजभण्डारी**
**प्रथम उपाध्यक्ष एवं**
**रामबजार तायाः मचाः नाच समिति**

**अम्बिका राजभण्डारी**
**अध्यक्ष एवं**
**रामबजार नेवाः मिशा पुचः**

**विपिन गोशली**
**संयोजक एवं**
**रामबजार ल्याम्हः पुचः**

**एवम् राम बजार १०/१५ पोखरा परिवार**

# पर्यटकीय राजधानीमा सडक महोत्सवको रौनक

**सिबी अधिकारी**
कास्की, १५ पुस/रासस

नेपालका मौलिक कला र संस्कृति झल्कने विविध प्रकारका झाँकीसहितको प्रस्तुतिले पर्यटकीय राजधानी पोखराको लेकसाइडको तीन किलोमिटर क्षेत्रमा बेग्लै रौनकता छाएको छ । लेकसाइडको सडक नियाल्दा लाग्छ नेपालको विभिन्न जातजाती, समुदाय र भाषाभाषिको प्रितिनिधित्वले सिङ्गो नेपालको तस्विरलाई उजागर गरिहेका छ ।

गत शनिबारदेखि लेकसाइडमा सुरु भएको देशकै ठूलो पोखरा सडक महोत्सवको झाकिसहितको तामझाम, कला कौशलको प्रस्तुति र हजारौंको झुइ्ख्यामा उपस्थित स्वदेशी र विदेशी नागरिकको सहभागिताले पोखराको पर्यटनलाई जुरुक्कै उचालेको छ । महोत्सवको उद्घाटन सत्रमा आयोजित झाँकिसहितको र्‍यालिमा प्रदर्शित 'मगर गाउँ', थारु नृत्य, गुरुङ समुदायको विशेष प्रस्तुति विशेष आकर्षण रहे । महोत्सवको सन्दर्भमा लेकसाइड क्षेत्र दुलही झैं सिगारिएको छ । साज सजावटले सडकको रौनक बढाएको छ । सडक महोत्सवले पोखराको मात्रै नभइ समग्र देशको पर्यटन प्रवर्द्धनमा महत्वपुण टेवा पुगिरहेको छ । महोत्सवमा जातीय कला र संस्कृति झल्कने ६५ भन्दा बढी झाँकीको प्रस्तुति गरिएको थियो । साथै स्थानीय रैथाने उत्पादन, हस्तकलाका सामग्रीलगायतका स्टल पनि पर्यटकको रोजाइमा परेका छन् ।२५ वर्ष अगाडि सुरु भएको पोखरा सडक महोत्सवले राष्ट्रिय अर्थतन्त्रलाई चलायमान बनाउन सहयोगी हुँदै आएको रेष्टुरेन्ट एण्ड बार एशोसिएसन (रेबान) पोखराका अध्यक्ष विश्वराज पौडेल बताउनुहुन्छ । खासगरी पर्यटकीय गतिविधि कम हुने यो सिजनमा बाह्य तथा आन्तरिक पर्यटकको बसाइँ लम्ब्याउन र पोखरालाई सडक महोत्सवको पर्यायका रुपमा चिनाउन रेबान पोखराले २५ वर्षअघिदेखि महोत्सव सञ्चालन गर्दै आएको हो । त्यसैको निरन्तरतास्वरुप २६औं संस्करणको पोखरा सडक महोत्सव आयोजना गरिएको रेबान पोखराका अध्यक्ष पोडेलले बताउनुभयो । "सडक महोत्सवको उद्घाटनका अवसरमा उपस्थित झाँकिहरुका कारण महोत्सव पूर्णरुपमा सफल देखिएको छ । उल्लेखनीय सहभागितासहित विविध सांस्कृतिक प्रस्तुतिले माहोल बनाएको छ । अघिल्लो वर्षको तुलनामा यो वर्षको महोत्सव भव्यरुपमा भएको हामीलाई महसुस भएको छ", उहाँले भन्नुभयो । पर्यटकीय सिजन 'स्लो' भएको समयमा पोखराको पर्यटकलाई चलायमान बनाउन आन्तरिक र बाह्य पर्यटकलाई आकर्षण गर्न महोत्सव उपयोगी बनेको उहाँको भनाइ छ । अध्यक्ष पौडेलका अनुसार महोत्सवकै दौरानमा पोखरामा भइरहेका अन्तरिष्ट्रिय बेलुन महोत्सव र ड्रागन बोट रेस प्रतियोगिताले पनि पर्यटकीय गतिविधि बढाउन थप मद्दत् गरेको छ । पोखरा आसपाका साहसिक गन्तव्यका कारणले पनि पोखराको पर्यटन बढी चलायमान बनिरहेको छ । अङ्ग्रेजी महिनाको डिसेम्बर २८ देखि जनवरी १ तारिकसम्म आयोजना हुने पोखरा सडक महोत्सवमा पाँच लाख पर्यटकको आगमन हुने अपेक्षा रेबान पोखराको छ ।

अन्तर्राष्ट्रियस्तरमानै हरेक अङ्ग्रेजी नयाँ वर्षको अवसरमा आयोजना हुने पोखरा सडक महोत्सवलाई अन्तर्राष्ट्रियस्तरमा नै स्थापित गराउने अभियान रहेको रेबान पोखराका निवर्तमान अध्यक्ष नरेश भट्टराई बताउनुहुन्छ । पर्यटकीय राजधानी पोखरामा निजी क्षेत्रबाट झण्डै रु पाँच खर्ब रुपैयाँ लगानी भएको भन्दै निवर्तमान अध्यक्ष भट्टराईले पर्यटकीय पूर्वाधार निर्माणमा राज्यले चासो दिनुपर्ने बताउनुभयो । आजभन्दा २५ वर्षअघि पोखराको बसुन्धरा पार्कबाट सुरु भएको पोखरा सडक महोत्सव आज देशकै ठूलो सडक महोत्सवको पहिचान बनाएको छ । "महोत्सवको क्रममा हामीले नेपालका विभिन्न कला संस्कृतिलाई सडकमा पस्कन्छौं, जसले आन्तरिक एवं बाह्य पर्यटकलाई नेपाल बुझ्न सजिलो बनाएको छ", रेबानका निवर्तमान अध्यक्ष भट्टाईले भन्नुभयो,"अहिले यो महोत्सव निजी क्षेत्रको मात्र सहभागितामा हुँदै आएको छ । अब यसलाई वृहत र विस्तृत बनाउनका लागि राज्यका तीनै निकाय (सङ्घ, प्रदेश र स्थानीय तह) को उत्तिकै भूमिका हुनु जरुरी छ ।"खासगरी राज्यका तर्फबाट निर्माण भएका पर्यटकीय पूर्वाधारको सञ्चालन र निर्माण हुँदै गरेका पर्यटकीय पूर्वाधारको छिटोभन्दा छिटो निर्माण सम्पन्न गर्ने दिशामा भूमिका खेल्न जरुरी रहेको उहाँको भनाइ छ । पोखरामा क्षेत्रीय विमानस्थल निर्माण हुनु आफैमा सुखद् रहेको भन्दै पोखरा पर्यटन परिषद्का पूर्व अध्यक्ष गोपी भट्टराईले राज्यको यति ठूलो लगानी भएको विमानस्थल सञ्चालनमा राज्यका तर्फबाट न्यारोवडी विमान भाडामा लिएर भए पनि छिमेकीमूलुक भारत, चीन र बङ्गलादेशका सहरहरुसँग सिधा हवाई सम्पर्क विस्तारमा जोड दिनुपर्ने उहाँको भनाइ छ । पर्यटन क्षेत्रमा अहिले दक्षजनशक्ति पलायन ठूलो समस्याका रुपमा रहेको भन्दै पोखराका पर्यटन व्यवसायीले जनशक्ति पलायनलाई रोक्न राज्यकै तर्फबाट केही नीतिगत व्यवस्थाको आवश्यकता रहेको बताउनुहुन्छ । "पर्यटन क्षेत्रमा दक्ष जनशक्तिको अभाव छ, यो अभावलाई परिपूर्ति गर्न जनशक्ति उत्पादन गर्न र उनीहरुको पलायन रोक्न पनि निजी क्षेत्र र राज्यसँगसँगै अगाडि बढ्न जरुरी छ", परिषद्का पूर्व अध्यक्ष भट्टराईले भन्नुभयो,"राजनीतिक स्थायित्वको अभावमा राज्यका नीति पनि समय समयमा परिवर्तन भइरहने कारणले गर्दा लगानीकर्तालाई निश्चित भए लगानी गर्नसक्ने वातावरणको अभाव छ ।" करदाताको संरक्षण गर्नुपर्ने दायित्व राज्यको पनि हो । विश्वव्यापी आर्थिक मन्दिको अहिलेको अवस्थामा स्थापित व्यवसायीलाई संरक्षण गर्नु पनि राज्यको प्रमुख दायित्व भएकाले यस्तो अवस्थामा सहुलियतपूर्ण कर्जाको व्यवस्था गर्न जरुरी रहेको उहाँको भनाइ छ । पोखरा प्राकृतिक सौन्दर्यताका अतिरिक्त साहसिक पर्यटनको पनि महत्वपूर्ण गन्तव्य बन्दै गएको भन्दै रेबान पोखराका अध्यक्ष पौडेलले वर्तमान समय सुहाउँदो डिजिटल बजारीकरणमा राज्यका तर्फबाट पहल हुन आवश्यक छ भन्नुभयो । नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशी परिवर्तिन परिस्थिति अनुसार विश्वव्यापी रुपमा नेपालको प्रवर्द्धन गर्न डिजिटल माध्यमको प्रयोगलाई बोर्डले प्राथमिकताका साथ अगाडि बढाउने बताउनुभयो ।

नयाँ नयाँ गन्तव्यहरुको पहिचान र विकासका लागि बोर्डले आगामी दिनमा आफ्ना कार्यक्रमलाई केन्द्रीत गर्दै लैजाने उहाँको भनाइ छ । सिइओ जोशीले पर्यटनबाट लाभ लिनका लागि खासगरी क्षेत्रीय पर्यटन प्रवर्द्धनमा ध्यान दिन जरुरी रहेको बताउनुभयो । पर्यटनलाई चलायमान बनाउन सम्पर्क सञ्जाल विस्तारमा सबै निकायको ध्यान पुग्न जरुरी रहेको उहाँको जोड छ । आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले पर्यटकको राजधानी पोखरामा २६औं संस्करणको पोखरा सडक महोत्सव भएको हो । रेबान पोखराले अङ्ग्रेजी नयाँ वर्षको अवसरमा महोत्सव आयोजना गरेको हो । यही पुस १७ सम्म चल्ने महोत्सवले अफ सिजनको पर्यटनलाई चलायमान बनाउन र अर्थतन्त्रमा धौरै भए पनि योगदान गर्ने बताइन्छ । 'सडकमै खाउ, सडकमै रमाउ' भन्ने नाराका साथ आयोजित महोत्सवमा विभिन्न सांस्कृतिक कार्यक्रम, मौलिक वेषभूषासमेत प्रदर्शन गरिएको छ । महोत्सवमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खानाको प्रदर्शन, दोहोरी प्रतियोगिता, झाँकी प्रदर्शन, रात्रिकालीन कन्सर्टलगायत गतिविधि समावेश गरिएका छन् । "सडक महोत्सव पोखराको 'ब्राण्ड' बनेको छ । रेबानका केन्द्रीय अध्यक्ष सङ्घर्ष विष्टले सडक महोत्सवले आन्तरिक पर्यटन प्रवर्द्धनका साथै विदेशी पर्यटकको बसाइँ लम्ब्याउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो । महोत्सवले स्थानीय पर्यटनमा नेपाली उत्पादनलाई प्रोत्साहन र विश्व बजारमा पुऱ्याउन पनि मद्दत पुगेको उहाँको भनाइ छ ।महोत्सवकै कारण पोखरामा आन्तरिक र बाह्य पर्यटकको आगमन बढेको पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ प्रहरीले बताउनुभयो । उहाँले राजनीतिक स्थायित्व, नीतिगत सुधार र पूर्वाधारको प्रभावकारी सञ्चालन गरिएको खण्डमा पर्यटन विकासमा टेवा पुग्ने बताउनुभयो । पोखरा सडक महोत्सव देशकै ठूलो महोत्सवको रुपमा रहदै आएको छ । यो महोत्सवले पोखरामा आन्तरिक तथा बाह्य पर्यटकको बसाइँ सम्भ्याउन सहयोगीसिद्ध भएको छ । गत वर्षमात्र पाँच लाख स्वतदेशी तथा विदेशी पर्यटकले सडक महोत्सवको अवलोकन गरेको रेबानले जनाएको छ । पोखरामा दर्ता भएका पर्यटकस्तरदेखि पाँचतारेसम्मका आठ सय हाराहारी होटल छन् । यी पूर्वाधारमा ५० हजार पर्यटकलाई धान्नसक्ने क्षमता रहेको पर्यटन व्यवसायीको भनाइ छ । काठमाडौं ओर्लिने विदेशी पर्यटकमध्ये ४० प्रतिशत पोखरा आउँछन् । नेपाल पर्यटन बोर्डको तथ्याङ्क अनुसार सन् २०२४ को ११ महिनामा १० लाख ५५ हजार पाँच सय ३३ विदेशी पर्यटक आएका छन् । सन् २०१९ मा हालसम्मकै बढी १२ लाख हाराहरी विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए । अन्तर्राष्ट्रिय उत्सव र प्रतियोगिताले यसवर्षको महोत्सवलाई उल्लासमय बनाएको छ । नेपालमा पहिलो पटक अन्तर्राष्ट्रिय हट एयर बेलुन महोत्सव आयोजना गरिएको छ । पोखरामा आइतबारदेखि सुरु भएको महोत्सवमा २० देशका व्यावसायिक बेलुन कम्पनीको सहभागिता रहेको छ । यस्तै नेपालको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले नेपालको पर्यटन प्रवर्द्धन गर्ने नेपाल-चीन मैत्रीपूर्ण ड्रागन बोट रेस प्रतियोगिता आइतबारदेखि सुरु भएको छ । दोस्रो संकरणको ड्रागन बोट रेसमा नेपालका ११, चीनका ८ र सिङ्गापुरका एक गरी २० वटा समूहको सहभागिता रहेको छ ।

# अब विकट छैन 'बोबाङ गाउँ'

**पोखरापत्र संवाददाता**
म्याग्दी १५ पुस

जिल्ला सदरमुकाम बागलुङ बजारदेखि झण्डै एक सय पाँच किलोमिटर पश्चिममा पर्छ ' बोबाङ गाउँ' । नेपालको एक मात्र सिकार आरक्ष ढोरपाटनको प्रवेशद्वारका रूपमा रहेको बोबाङ गाउँ एक दशक अगाडिसम्म निकै विकट मानिन्थ्यो । तर पछिल्लो समय विकासले गति लिन थालेपछि यस गाउँको मुहार फेरिएको छ । बाक्लो जनजाति र दलित समुदायको बस्ती रहेको बोबाङ गाउँमा स्थानीय सरकार स्थापनापछि स्वास्थ्य, शिक्षासहितको विकास पनि क्रमिक रूपमा भएको छ ।

ढोरपाटन नगरपालिका-८ र ९ मा पर्ने बोबाङ गाउँ विसं २०६६ मा सडकले जोडिएको थियो । त्यसभन्दा अगाडिसम्म यहाँ अधिकांश नागरिकहरूले घोडा, खच्चडमा सामान ढुवानी गरेर प्रयोग गर्ने गर्थे । गाउँमा सडक पुगेको थिएन । जसले गर्दा स्थानीयको जनजीवन कष्टकर नै थियो । घुम्ती बसाइँ गर्ने यहाँका स्थानीय बर्खामा ढोरपाटन र हिउँदमा बोबाङमा बस्ने गर्छन् ।

कृषि र पशुपालनबाट जीविकोपार्जन गर्दै आएका उनीहरूको जीवनशैली अहिले बदलिएको छ । पन्ध्र वर्ष अगाडि बोबाङ गाउँमा सडक पुगे पनि लामो समयसम्म यातायात सञ्चालन हुन सकेको थिएन । पछिल्लो समय कच्ची सडक भए पनि दैनिक यातायात सञ्चालन हुने गर्छन् । सडकले गाउँसँगै यहाँका हजारौं नागरिकको जीवनशैली बदली दिएको स्थानीय ७६ वर्षीय तमबहादुर कायतले बताउनुभयो । आफूले बोबाङ गाउँ यसरी परिवर्तन होला भन्ने कल्पना नगरेको उहाँको भनाइ छ ।

कायतले सडकले गाउँमा ठूलो परिवर्तन लिएको बताउनुभयो । उहाँले भन्नुभयो, "हामी त गाईभैंसी र खेतीपाती गरेर जीवन धान्थौं, अहिलेको जस्तो सडक थिएन, गाडी चल्दैनथे, नुन, तेल र चामल ल्याउनका लागि बुटवल पुगपुर्थ्यौं, बुटवल पुग्न १२ दिन लाग्थ्यो, अहिले घरमै सबैथोक आउँछ, उति बेला पढ्ने चलन थिएन, अहिले त गाउँमा हाई स्कुल बनेको छ, बसै बालबालिकाले पढ्न पाएका छन्, हामीहरु त न पढ्न पायौं, न बिमार लाग्दा उपचार पायौं ।"

स्थानीय कुलबहादुर सुनारले सडकले बोबाङ गाउँलाई बजारसँग सिधा जोड्दा विकासले गति लिएको बताउनुभयो । पहिले गाउँमा कोही बिरामी हुँदा डोकोमा बोकेर दिनभर लगाएर अस्पताल पुऱ्याएको स्मरण गर्दै अहिले टोलमै स्वास्थ्य संस्था सञ्चालनमा आएको उहाँको भनाइ छ । ढोरपाटन जाँदाआउँदा घोडामा चढ्नुपर्ने बाध्यता हटेको भन्दै अहिले दैनिक गाडी चल्दा आलु, स्याउ, सिमी र अन्य उत्पादन बजारमा पुऱ्याउन सहज भएको सुनार बताउनुहुन्छ । राष्ट्रिय प्राथमिकताको आयोजना सालझण्डी-ढोरपाटन सडकको बीचमा पर्ने बोबाङ गाउँमा पछिल्लो समय धमाधम पक्की घर भवनसमेत बन्दै गएका छन् ।

जिल्लाको सुदूरपश्चिम मानिने यस गाउँमा सडक आएपछि नागरिकको जीवनस्तरसमेत फेरिएको ढोरपाटन नगरपालिका उपप्रमुख धनबहादुर कायत (कल्याण)ले बताउनुभयो ।

अब यहाँका नागरिकलाई आयआर्जनसँग जोड्ने खालको कार्यक्रम ल्याउने र आत्मनिभर बनाउनतर्फ लाग्ने कायत बताउनुहुन्छ । पहिले विकट भनेर कर्मचारीसमेत आउन नमान्ने ठाउँमा अहिले धेरैको रोजाइमा पर्ने गरेको उहाँको भनाइ छ ।

# नेपालमा सौर्य गतिविधि र वर्षाको प्रवृतिमा समानता : अध्ययन प्रतिवेदन

**रासस**
म्याग्दी, १५ पुस

अमेरिकामा रहेका म्याग्दीका सुजनप्रसाद गौतम नेतृत्वको अनुसन्धानकर्ताहरुको टोलीले नेपालमा सौर्य गतिविधि र वर्षाको सम्बन्धका विषयमा गरेको अध्ययन प्रतिवेदन सार्वजनिक भएको छ ।

अनुसन्धानकर्ता गौतमको नेतृत्वमा अनुसन्धानकर्ता अशोक सिल्वाल, बासुदेव बराल र डा बिनोद अधिकारीको टोलीले 'द पोसिबल इम्प्याक्ट अफ सोलार एक्टिभिटी अन रेनफल इन नेपाल : अ केस स्टडी' शीर्षकमा गर्नुभएको अध्ययनको प्रतिवेदन अन्तर्राष्ट्रिय जर्नल ' एड्भान्सेस इन स्पेस रिसर्च'मा प्रकाशित भएको हो । जल तथा मौसम विज्ञान विभागको सन् १९६८ देखि सन २०२३ सम्मको पोखरा र काठमाडौँको मासिक वर्षाको तथ्याङ्कहरुलाई सौर्य गतिबिधिको सम्बन्धलाई आधार मानेर अध्ययन गरिएको अनुसन्धानकर्ता गौतमले बताउनुभयो । "यो अध्ययनले नेपालका दुई सहर पोखरा र काठमाडौको मासिक वर्षा र सौर्य गतिविधिबीचको सम्बन्धलाई वैज्ञानिक दृष्टिले प्रमाणित गरेको छ," उहाँले राससस‌ँग भन्नुभयो " सौर्य गतिविधि र वर्षाको प्रवृतिमा ११ वर्षे दीर्घकालिन समानता पाइएको छ ।" ११ वर्षको सौर्य चक्रको असर वर्षामा पर्ने र सो तथ्यलाई आधार मानेर वर्षाजन्य विपद्को जोखिममा रहेका ठाउँमा पूर्व सतर्कता अपनाउन सहयोग पुग्ने अनुसन्धानकर्ता गौतमले बताउनुभयो । उहाँका अनुसार विश्वका विभिन्न देशहरुमा सौर्य गतिविधि र वर्षाका बीचको सम्बन्धबारे अनुसन्धान भएपनि भौगोलिक विविधतायुक्त नेपालमा यो विषयमा भएको वैज्ञानिक प्रमाण सीमित थिए ।

यसैले यो अध्ययन प्रतिवेदन नेपालका लागि सान्दर्भिक र महत्वपूर्ण मानिएको छ । सूर्यको विकरणमा हुने परिवर्तन, 'सनस्पट' चक्र र सौर्य वायुको उतारचढावले पृथ्वीको जलवायु प्रणालीमा महत्वपूर्ण प्रभाव पर्न सक्ने विश्वका अन्य देशहरुमा भएका पुराना अध्ययनहरुले प्रमाणित गरेको छ । वायुमण्डलीय परिसञ्चालन, बादल निर्माण र वर्षाका ढाँचाहरुलाई प्रभावित पार्ने प्रतिवेदनमा उल्लेख छ । ' क्रस वेभलेट ट्रान्सफर्म' अध्ययन प्रविधिको प्रयोग गरेर तथ्याङ्कको अध्ययन र विष्लेषण गरिएको हो । नेपालमा सौर्य गतिविधिले जलवायु प्रणालीमा पार्ने प्रभावको महत्व उजागर गरेको यस अध्ययन प्रतिवेदनले सौर्य गतिविधि र जलवायु परिवर्तनबीचको अन्तरसम्बन्ध पहिचान गर्न आधार सिर्जना गरेको छ । सौर्य गतिविधिलाई नेपालमा जलवायु परिवर्तन अध्ययनको एक महत्वपूर्ण कारकका रुपमा स्थापित गरेको छ । यसले नेपालको वैज्ञानिक समाज र जलवायु व्यवस्थापन सम्बन्धी रणनीतिहरुमा नयाँ दृष्टिकोण थप्ने अपेक्षा गरिएको छ ।

त्रिभुवन विश्व विद्यालयबाट भौतिकशास्त्र विषयमा स्नातक र स्नाकोत्तर पुरा गरेर पूर्ण छात्रवृत्तिमा अध्ययनका लागि अमेरिकाको 'युनिभर्सिटी अफ आलाबामा इन हन्ट्सभिलमा स्पेस साइन्स'मा पुनः स्नातकोत्तर सकेर विद्यावारिधि अध्ययन गरिरहेका गौतमको घर म्याग्दीको मालिका गाउँपालिका-६ दरवाङ हो । उहाँले अमेरिकाको उक्त विश्व विद्यालयको अध्ययन केन्द्रमा 'सेन्टर फर स्पेस प्लाज्मा एण्ड एरोनोमिक रिसर्च'मा रिसर्च असिस्टेन्टको रुपमा आफ्ना अनुसन्धानहरु गर्दै आउनुभएको छ ।

# २० औं लेखनाथ महोत्सवको तयारी अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
पोखरा १५ पुस




लेखनाथ उद्योग वाणिज्य संघले यहि पुष १८ गते देखि माघ १ गते सम्म आयोजना गरेको २० औ संस्करणको लेखनाथ महोत्सवको तयारी अन्तिम चरणमा पुगेको छ । महोत्सव लेखनाथको संस्कृति, स्थानीय उत्पादन विकास र सम्मृद्धि भन्ने नाराको साथ आयोजना गर्न लागिएको महोत्सवको ९५ प्रतिशत तयारी पुरा भएको सोमबार आयोजित पत्रकार सम्मेलनमा आयोजकले जानकारी दिएको छ ।

पत्रकार सम्मेलनमा संघका अध्यक्ष एवं महोत्सवका मूल संयोजक विनोद श्रेष्ठले लेखनाथ उद्योग वाणिज्य संघले २०५८ साल देखि सुन्तला प्रदर्शनीबाट सुरु गरेको महोत्सवलाई समयानुकूल परिस्कृत गर्दै २०६१ साल देखि वार्षिक रुपमा लेखनाथ महोत्सव गर्दै आएको र विभिन्न जात जाति भाषा भाषीलाई एकै थलोमा उपस्थीत गराएर लेखनाथ क्षेत्रको पहिचान गराउने उद्धेश्यले महोत्सवको आयोजना गरिएको वताए । उनले महोत्सवको माध्यबाट यस क्षेत्रमा उत्पादीत वस्तुहरुको बजारिकरण गर्ने, कृषि सामग्री एवं महिला उद्यमीहरुको उत्पादनहरुको प्रर्दशनी एवं विक्रि गरिने वताए ।

यस्तै महोत्सवका प्रचार प्रसार संयोजक एवं लेखनाथ उद्योग वाणिज्य संघका महासचिव जानुका पराजुलीले देशको सुस्त अर्थतन्त्रलाई चलायमान बनाउन तथा पर्यटन प्रवर्द्धन गर्न, देशमा रहेका औद्योगिक उत्पादनलाई बढवा दिन, हस्तकलाका सामानहरुको बजार प्रवर्द्धन र सोको पहिचान, स्थानीय उत्पादन, लघु, घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धन, आवश्यक ज्ञान, सिप, उद्यमशिलता र प्रविधि हस्तान्तरण, राष्ट्रिय तथा अन्तराष्ट्रिय मुलुकहरुमा उत्पादित औद्योगिक एवं दैनिक उपभोग्य वस्तु तथा सेवाहरुको प्रवर्द्धन, जातीय भेषभुषा, कला संस्कृति, रितिरिवाजको जगेर्ना गर्न, आन्तरिक एवं वाह्य पर्यटकहरु आकर्षण गरि आन्तरिक पर्यटनलाई सहयोग पुर्याउने महोत्सवको मुख्य उद्देश्य रहेको वताइन । उक्त अवसरमा नेपाल पत्रकार महासंघ कास्की शाखाका अध्यक्ष माधव बरालले महोत्सवको माध्यमबाट स्थानीय उत्पादनको प्रर्वद्धन र ब्राण्डिङ गरिनुपर्ने बताउँदै संघले २० औं वर्ष लेखि अगाडी सारेको नाराले न्याय भएको छ त भनेर प्रति प्रश्न उठाएका थिए । उनले महोत्सवले स्थानिय कला संस्कृतिको संरक्षण एवं जर्गेना गर्दै स्थानिय प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण पनि गर्ने भएकाले यसका पत्रकार महासंघ कास्की शाखा संधै साथमा रहेको वताउँदै महोत्सवको सफलताको शुभकामना व्यक्त गरेका थिए । सोही अवसरमा नेपाल पत्रकार महासंघका गण्डकी प्रदेश अध्यक्ष रमेश पौडेलले अग्रजले देखाएको वाटोलाई पच्छाउदै जानु पर्ने सुझाव राखेका थिए । यस्तै पोखरा महानगरपालिका वडा नं २९ का वडाअध्यक्ष श्रीप्रसाद गुरुङले आर्थिक संकटको अवस्थामा महोत्सवको माध्यमबाट व्यवसायीहरुलाई उत्प्रेरीत गर्ने खालका कार्यक्रममा जोड दिएका थिए भने प्रायोजकहरुको तर्फबाट सगरमाथा लुम्बिनि ईन्स्योरेन्स कम्पनीका लेखनाथ शाखा प्रमुख शंकरराज तिवारीले महोत्सवले आर्थीक उपार्जनको साथमा ब्यवसायिक ज्ञानका बारेमा पनि जानकारी गराउनु पर्नेमा जोड दिएका थिए ।

महोत्सवको विद्यालय स्तरीय कार्यक्रम अर्न्तगत पुस ११ गते बिहिबार विद्यालय स्तरीय चित्रकला प्रतियोगिता सम्पन्न गरिएको छ । उक्त प्रतियोगितामा विद्यार्थीहरुबाट कोरिएका चित्रहरु महोत्सवस्थलबाट विक्रि वितरण गर्ने व्यवस्था समेत मिलाईएको छ । महोत्सवमा पोखरा विश्वविद्यालय इन्जिनियरिङ फेकेल्टी, रोबोटिक क्लब, गण्डकी विश्वविद्यालय आविष्कार केन्द्र तथा विभिन्न विद्यालयहरुबाट शैक्षिक प्रदर्शनी हुनेछ भने विभिन्न जातजातिहरुको मौलिक सांस्कृति झल्कने सांस्कृतिक कार्यक्रमहरु रहनेछन ।

महोत्सवको बचतबाट प्रदर्शनी स्थल र संघको भवनको स्तरोन्नती, औद्योगिक चेम्बरको निर्माणको लागि पहल एवं सहयोग, कवि शिरोमणि लेखनाथ पौड्यालको जन्मस्थल विकास, पर्यटन विकास तर्फ बेगनासतालमा बराह मन्दिर संरक्षण, स्थानीय महिला तथा युवा उद्यमीहरुद्धारा उत्पादित वस्तुहरुको प्रवर्द्धनका लागि उत्कृष्ट स्तरको कोसेली घर निर्माण, संघद्धारा बेगनासतालमा निमार्ण गरिएको लेटर बोर्डको परिसरमा चेम्बरपार्क निर्माण लगायतका विभिन्न सामाजिक उत्तरदायित्वका कार्यमा खर्च गरिने आयोजकले जानकारी दिएको छ ।

महोत्सवका सह-संयोजक एवं प्रायोजक व्यवस्थापन तथा उप-समिति परिचालन समितिका संयोजक राजेन्द्र ओभाले लेखनाथ महोत्सवलाई स्थानीयले चाड पर्वको रुपमा लिदै आएको र उत्पादक र उपभोक्ताहरुलाई एकै ठाँउमा भेला गरी आर्थिक चलायमान गराउन महत्वपुर्ण भुमिका खेलेको दावी गरेका थिए । संघका अध्यक्ष विनोद श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन उप-महासचिव भरतराज ओभाले गरेक थिए भने धन्यवाद ज्ञापन वरिष्ठ उपाध्यक्ष राजेन्द्र ओभाले गरेका थिए ।